# उद्धार अनुभव

## जंगलको बीचमा जब हेलिकप्टर खस्यो........


**शेरबहादुर थापा मगर**
सशस्त्र प्रहरी वरिष्ठ हवल्दार

साउन २३ गते १३:०० बजे यूएन शान्ति स्थापना तालिम शिक्षालयबाट नुवाकोट शिवपुरीको सूर्यचौरमा AIR DYNASTY को हेलिकप्टर दुर्घटना पश्चात उद्धारको लागि परिचालन भयौं । उद्धारको लागि आवश्यक तयारीकासाथ अन्दाजी ९/१० किलोमिटरको दुरीमा रहेको उक्त स्थानमा शिवपुरी राष्ट्रिय निकुञ्जभित्र रहेको घना जंगलको गोरेटो बाटो हुँदै म र मेरो कमाण्डको १० जनाको टोली लगभग ४०-४५ मिनेट भित्र पैदल पुग्दा हेली दुर्घटना भएको विकराल अवस्था देखियो, सो स्थानमा नेपाली सेनाको निकुञ्ज सुरक्षा पोष्ट गुर्जे भन्ज्याङ्गको ९/१० जना, प्रहरी चौकी गुर्जे भन्ज्याङ्गको ३/४ जना र स्थानिय बासिन्दाको सहयोगमा घटनास्थलबाट एक जनाको शव निकाल्दै गरेको अवस्थामा हामी पुग्यौं ।

त्यहाँस्थित अन्य सुरक्षा निकायसँग समन्वय गरी पुरै जलेर सनाखत हुन नसक्ने अवस्थाको बाँकी ४ वटा शवमध्ये ३ वटा शव निकालिएको र घटनास्थल वर्षातको समय भएकाले बाक्लो जंगल र जुकाहरु प्रशस्तै मात्रामा लागेको अवस्था थियो । जसरी पनि संगठनको उद्देश्य उद्धारमा प्राथमिकता भन्ने अवधारणालाई मनन् गर्दै कुनै कुराको प्रवाह नगरी हामी उद्धार कार्यमा लाग्यौं । केही समयपछि नं. १९ बगलामुखी विशेष कार्यदल गण र नं. १९ गुल्म नुवाकोटबाट थप फौज घटनास्थलमा आइपुगेको थियो, श्रोतसाधनसहित उद्धार कार्यमा परिचालन भएको सशस्त्र प्रहरी उपरीक्षकको कमाण्डको टोलीले सुक्ष्म रुपमा घटनास्थलको उद्धार गरेको सो समयमा अन्य सुरक्षा निकाय, स्थानीय प्रशासन समेत परिचालन भई चुनौतीपूर्ण तवरले शव निकालिएको र तीनवटै सुरक्षा निकायको संयुक्त प्रयासमा घटनास्थलबाट सडकसम्म शव एकीकृत गरी शव वहानमा राखी पोष्टमार्टमको लागि काठमाडौंतर्फ पठाईएको थियो ।

संचारमाध्यमको सहजै सम्पर्क नहुने त्यो विकट पहाडी भूगोल र निकुञ्जको घना जंगलमा वर्षातको समयमा जोखिमपूर्ण तरिकाबाट परिचालन भई घटनास्थलमा उद्धार कार्यको लागि कार्य क्षेत्रमा परिचालन रही संगठनको कार्यादेश अनुसार खटी उद्धार गरिएको साथै परिचालन तथा समन्वयात्मक दृष्टिले अन्य सुरक्षा निकाय, केन्द्रीय, प्रदेश तथा स्थानीय जनप्रतिनिधीहरुको समेत संयुक्त सहभागितामा उद्धार कार्यमा खटिएका थियौं ।

**(युएन शान्ति स्थापना तालिम शिक्षालय ककनी, नुवाकोट)**





## रातको १० बजे नारायणी नदिको भेलमा हेलिदा.......


**शिरबहादुर थापा**
सशस्त्र प्रहरी हवल्दार

असार २२ गते अन्दाजी १९:३० बजेको समयमा पूर्वी नवलपरासीको गैडाकोटस्थित नारायणी नदिको भंगालोमा माछा मार्न गएका २ जना स्थानिय व्यक्तिहरु पानीको उच्च वहावको कारण नदिको बीचमा नै फसेको र त्यहाँको स्थानिय टोलिले उद्धार गर्न नसकेको कारण तुरुन्त परिचालन हुने भन्ने आदेश प्राप्त भयो । त्यसपश्चात हामी गोताखोरसहितको टोली तत्काल आवश्यक उद्धार सामाग्रीसहित परिचालन भयौं ।

घटनास्थल टाढा भएको कारण पुग्न केही समय लाग्यो । जाँदै गर्दा झण्डै मध्यरातको समयमा नदिको वेगको आवाजले हामी उद्धारकर्तालाई तर्साउन खोजीरहेको थियो । घटनास्थलमा पुग्दा त्यहाँ ठूलो संख्यामा स्थानियवासीको उपस्थिती थियो । हामी पुगेपछि उहाँहरुमा अब उद्धार कार्य सफल हुन्छ कि भन्ने केही विश्वास बढेको देख्न सकिन्थ्यो । उक्त टापुको वारिपट्टी सानो जंगल भएको र जंगलमा समेत पानी वगिरहेको कारण हामी घटनास्थल भन्दा केही माथिबाट पस्ने निर्णय गरी उद्धार सामाग्रीहरु तयार गर्यौं । उज्यालोको नाममा हामीसंग २ वटा Halogen Light हरु थिए । हामी Raft Boat लिएर उर्लिएको नारायणी नदिमा पस्यौं ।

तराईको ईलाकामा नदि फैलावटका कारण Light ले समेत त्यती राम्रो काम गर्नसक्ने अवस्था थिएन । जता बालेपनि पानीको वेग मात्र देख्न सकिन्थ्यो भने नारायणीको आवाजले हामीलाई पलपलमा त्रसित बनाउन खोजिरहेको हुन्थ्यो तर हामी विचलित भएनौ । पानीको वेगसँगै अगाडी बढ्दै जाँदा रातको समयमा कहाँ पुगियो थाहा भएन । २ जना व्यक्तिहरुलाई जिवितै उद्धार गर्नका लागि हामी जतिसक्दो चाँडो उहाँहरु फसेको ठाँउमा पुग्न चाहन्थ्यौं । त्यतिकैमा हामीले विभिन्न Direction मा देखाउँदै लगेको Light ले हाम्रो Boat गईरहेको दायाँतर्फ कुनै कालो वस्तुजस्तो देखायो, यो उक्त टापुमा भएको एउटा रुख रहेछ हामी टापुको एकदमै नजिक तर Wrong direction मा पुगिसकेको रहेछौं म Paddle Commander भएको हुँदा मेरो Team लाई Paddle Forward को कमाण्ड दिएर उक्त टापुछेउमा पुर्याउँदा २ जना व्यक्तिहरुलाई त्यहा फेला पार्यौ ।

हामी उहाँहरु नजिक पुग्दा अब उद्धार हुनेभयो भनेर खुशी हुनुभएको सहजै अनुमान लगाउन सकिन्थ्यो । जुन Light को उज्योलोमा थोरैमात्र भएपनि देख्न सकिन्थ्यो त्यसपश्चात हामीले २ जना व्यक्तिहरुलाई करिव रातको १०:०० बजेको समयमा सकुशल उद्धार गर्न सफल भयौं । यदि हामिले उक्त टापु यतातिर छ भन्ने कुरा ४-५ सेकेण्ड पछिमात्र थाहा पाएको भए हामी धेरै तल पुगिसक्ने थियौ र हाम्रो अप्रेशन सफल हुनसक्ने थिएन । त्यसैगरी नदिको पानी टापुको पूर्वी किनारामा ठोक्किएर टापुको दायाँ र बायाँबाट गएको र दुवैतर्फ नै पानीको बहाव तिव्र भएका कारण थोरैमात्र गल्ती भएमा वा वोटलाई कन्ट्रोल गर्न नसकिने भए हामी सिधै टापुभन्दा धेरै तल पुग्ने वा वोट पल्टिएर रातको समयमा नारायणी नदिमा आफै दुर्घटनामा पर्नसक्ने अवस्था थियो ।

तर हामी सबैजना अनुभवी Rescuer भएको साथै हाम्रो कमाण्डर पनि हामीसँगै वोटमा भएका कारण When your commander orders then you have no option, when your commander jumps first then you get more confidence भन्ने झैं हामीमा आत्मविश्वास, साहस तथा अनुभवको कारण अप्रेशनमा सफल भयौ र दुई जनाको सकुशल उद्धार भयो । ।

**(विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, चितवन)**



## विमानस्थल भित्रै जहाज दुर्घटनाको उद्धारमा खटिदा


**संजिवकुमार मोक्तान**
सशस्त्र प्रहरी जवान

साउन ९ गते ११:११ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सौर्य एयर लाइन्सको जहाज पोखराका लागि उड्ने बित्तिकै दुर्घटना भएको र उद्धारमा खट्नको लागि अन्दाजी ११:१८ बजे गणको हवल्दार मेजरले सामेल गराए पश्चात मैले QRT हलमा रहेको फायर फाईटिङ्का सामाग्रीहरु गाडीमा राखी सशस्त्र प्रहरी उपरीक्षक शैलेश श्रेष्ठको कमाण्डमा ४० जनाको टोली Mass Casualty Evacuation Vehicle (MCEV) सहित ११:२० बजे खटिई अन्दाजी ११:२३ बजे दुर्घटनास्थलमा पुगेका थियौं ।



एयरपोर्टको पुर्वी भाग र काँडाघारी नजिकै एयरपोर्टको कम्पाउण्डभित्र जहाज अलग-अलग दुई स्थानमा आगलागी भईरहेको अवस्थामा थियो । दुर्घटनास्थल समतल स्थानमा नभई डाँडा तथा खोच एवं दलदले जमिन र दमकल जानको लागि बाटो नभएको स्थानमा थियो । अन्य सुरक्षा निकाय र एयरपोर्टको दमकल, काठमाडौं महानगरपालिकाको दमकल र अग्नि नियन्त्रकहरुको संयुक्त प्रयासमा ११:४५ बजे आगलागी पूर्णरुपले नियन्त्रणमा आएको थियो । आगलागी नियन्त्रण गरेपश्चात शवहरुको खोज तथा भग्नावेशहरुको व्यवस्थापनको लागि खटियौं । दुर्घटनास्थलबाट मैले ४ जना व्यक्तिहरुको शव जलेको अवस्थामा फेला पारी डेड बडी ब्यागमा राखेको थिए ।

घटनास्थलबाट जम्मा १८ वटा शव फेला पारी पोष्टमार्टमको लागि त्रि.वि.शिक्षण अस्पताल महाराजगंज पठाईएको थियो । नं. २० गणबाट १२:३० बजे १० जनाको टोली हाईड्रोलिक कटर, मेटल ब्लेडलगायतका सामाग्री लिएर घटनास्थलामा आईपुगे पश्चात भग्नावेशहरुको व्यवस्थापन गरिएको थियो । हाम्रो टोली र अन्य सुरक्षा फौज एवं एयरपोर्ट र महानगरको अग्नि नियन्त्रक टोलीले संयुक्त रुपमा आगलागी नियन्त्रण तथा उद्धार कार्य गरिएको थियो । सो उद्धार कार्यमा खटिँदा तालिममा सिकेका कुराहरुलाई व्यवहारमा लागु भएको महशुस भएको थियो ।

**(नं. २० विपद् उद्धार गण सिनामंगल, काठमाडौं)**

## खुट्टा चिप्लीदा सानो भेरीमा पुग्ने त्रासका बीच घाईतेको उद्धार


**लोकेन्द्र माझी**
सशस्त्र प्रहरी जवान

असार २४ गते राती आएको अविरल वर्षाको कारण पूर्वी रुकुमको सिस्ने गाउँपालिका-१ सल्ली बिसौनी कोदल्ली गैरा भन्ने स्थानमा कर्ण बहादुर बुढाको पशु गोठमा वर्षातको कारण माथिबाट पहिरो गई मानिसहरु बेपत्ता तथा घाईते भएको भन्ने जानकारी पश्चात तुरुन्तै गुल्मबाट ११ जनाको टोली विपद् उद्धारका सामाग्रीहरुसहित परिचालित भयौं ।

करीव १ घण्टाको सवारी यात्रा पश्चात गुल्मको उत्तर पूर्व अन्दाजी १० कि.मि. को दुरीमा रहेको देउखोला बजारमा पुग्यौं । उक्त स्थानबाट मोटर बाटो उपलब्ध नभएको कारण हामी हिडेर उत्तरतर्फ लाग्यौं । विपद् व्यवस्थापन सामाग्रीहरुसहित साँघुरो बाटो र तल हेर्दा सानो भेरी नदि, वर्षातको समय भएको हुँदा कठिन बाटो हुँदै धेरै संघर्ष पश्चात घटनास्थल भन्दा केही तल पुग्दा अन्दाजी ३०/३२ जनाको संख्यामा त्यहाका स्थानीय र उद्धारमा खटिएका नेपाल प्रहरीको टोलीले घाईतेलाई ल्याउदै गरेको अवस्थामा भेटभई हामीले स्वास्थ्य चौकी प्वाङ्मा सहजताका साथ पुर्याउने काम गर्यौं । सो घटनामा बर्ष ७ को संगम बुढा ढुङ्गाले च्यापिएको मृत अवस्थामा तथा बर्ष ४० का कर्णबहादुर बुढा, बर्ष ३८ की गम्मा बुढा र ९ बर्षिया तिलसरा बुढा घाईते अवस्थामा फेला परेका थिए ।

प्वाङ स्वास्थ्य चौकीमा प्राथमिक उपचार पश्चात उनीहरुलाई छिटो भन्दा छिटो जिल्ला अस्पताल रुकुम पूर्वमा पुर्याउनको निम्ति हामीहरुले स्ट्रेचरको सहायता लिई मोटरबाटो सम्म पुर्याउनको लागि अगाडि बढ्यौं । प्वाङ्गदेखि देउखोला सम्मको बीचको बाटो जहाँ एक्लै हिड्न समेत हम्मे-हम्मे थियो । खुट्टा चिप्लियो भने सानो भेरी नदिमा खसिने, बाटोमाथिको पहिरोको डर, त्यसमाथि पनि घाईतेलाई बोकी हिड्नुपर्ने कठिनाई थियो ।

हामी उद्धारमा खटिएका सुरक्षाकर्मीको कानमा हामीलाई बचाउनुहोस, हामीलाई बचाउनुहोस भन्ने घाईतेहरुको आवाज गुन्जिरहेको थियो । घाईतेहरुलाई सान्त्वना दिंदै हामी अगाडी बढीरह्यौं । साँघुरो बाटो तथा उकालो र ओरालो भएको कारण कहिले २ जनाले र कहिले ४ जनाले बोकेर देउखोलासम्म ल्यायौं र त्यहाँ जिल्ला अस्पतालबाट आएको एम्बुलेन्समा घाईतेहरुलाई राखी जिल्ला अस्पताल रुकुम पूर्वमा आईपुर्यो । हामीलाई आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न पाउँदा अत्यन्तै गर्व महसुस भएको थियो । त्यसबेला मैले व्यवसायिक ज्ञान हासिल गरी सोही अनुसार फिल्डमा खटिई जनताको सेवा गर्न पाएकोमा आफुलाई गर्व महशुस गरें ।

**(आश्रित गुल्म रुकुम पूर्व)**





## माननीय गृहमन्त्री रमेश लेखकद्वारा.....................

सहभागिता गराउन सकियो भने मात्र सीमा बलियो हुन्छ भन्ने अवधारणा अनुरुप 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' सञ्चालनमा ल्याइएको र यस खालका कार्यक्रमहरुलाई राज्यको नीति तथा योजनामा नै समावेश गरी बजेट तर्जुमा तथा राज्यले नै स्वामित्व लिन सके सीमा सुरक्षा थप मजबुत हुने बताउनुभयो ।

महानिरीक्षक अर्यालले सीमा सुरक्षा, राजश्व चुहावट नियन्त्रण तथा विपद् प्रकोपका घटनाहरुलगायत शान्ति सुरक्षामा सशस्त्र प्रहरी बल नेपालले आफ्नो जनशक्ति तथा उपलब्ध श्रोतसाधनको प्रभावकारी रुपमा परिचालन गर्दै आइरहेको बताउनुहुँदै सशस्त्र प्रहरी बल नेपालको परिचालनलाई प्रभावकारी बनाउन स्पष्ट कानुनी व्यवस्था तथा प्रक्रिया, थप जनशक्ति र आधुनिक हातहतियारको समेत व्यवस्था हुनुपर्ने बताउनुभयो ।

नागरिकलाई आफू सुरक्षित छु भन्ने अनुभूति दिलाउन र राष्ट्रिय हितको लागि सशस्त्र प्रहरी बल नेपाल प्राप्त कार्यदेशहरु मार्फत राज्य र जनताको सुरक्षामा अहोरात्र खटिरहने प्रतिवद्धता व्यक्त गर्नुहुँदै महानिरीक्षक अर्यालले भन्नुभयो, 'मेरो शरीर भन्दा नागरिकको जिउधन प्यारो छ, मैले कुनै स्वार्थ नराखी कर्तव्यपथमा लाग्नै पर्दछ ।' उहाँले पूर्वाधार, स्रोतसाधन, वृत्तिविकास र नियम कानुनसँग सम्बन्धित संगठनले हाल भोग्नु परिरहेका समस्याहरुको दीर्घकालीन समाधानको लागि मन्त्रालयबाट रचनात्मक एवं सकारात्मक साथ र सहयोगको समेत अपेक्षा व्यक्त गर्नुभयो ।

## सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट इकाई प्रमुखहरुलाई निर्देशन



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले साउन २२ गते प्रधान कार्यालयबाट सातै प्रदेश र उपत्यकास्थित बाहिनी मुख्यालयका बाहिनीपति, शिक्षालयका समादेशक र सबै जिल्लाका गणपति तथा गुल्मपतिहरुलाई भर्चुअल माध्यमबाट सीमा सुरक्षा तथा विपद् उद्धारसँग सम्बन्धित समसामायिक विषयमा निर्देशन दिनुभएको छ ।

महानिरीक्षक अर्यालले सीमा नाकाबाट आवतजावत गर्ने व्यक्तिहरुको चेकजाँच गरी गैरकानुनी रुपमा हुनसक्ने प्रवेशमा रोक तथा सीमा ईलाकामा हुनसक्ने अवैध गतिविधिहरुको सुक्ष्म रुपमा निगरानी गरी उच्च सुरक्षा सतर्कता अपनाउन सीमा क्षेत्रसँग जोडिएका बाहिनी मुख्यालय तथा जिल्लास्थित सशस्त्र प्रहरी बल नेपालको कार्यालय प्रमुखहरुलाई निर्देशन दिनुभएको हो । साथै उहाँले हाल मनसुनको समयमा हुनसक्ने विपद् जोखिम लगायतका अन्य घटनाहरुको न्यूनिकरण तथा उद्धार कार्यमा सकृय रुपमा परिचालन हुन समेत सशस्त्र प्रहरी बल नेपालका सम्पूर्ण इकाई प्रमुखहरुलाई निर्देशन दिनुभएको छ ।

## छलफल तथा अन्तरक्रिया कार्यक्रम



नेपाल सरकारबाट प्राप्त निर्देशन बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ को मुल ऐनमा भएको व्यवस्थालाई संशोधन गर्न पेश भएको विधेयकलाई आवश्यकता अनुरुप परिमार्जन गर्न प्रधान कार्यालयमा एक दिने छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा साउन १४ गते कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बहालवाला तथा अवकाशप्राप्त नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृतहरुबाट उक्त ऐन परिमार्जनको लागि उपयुक्त राय सुझाव संकलन गरिएको थियो ।

## तीन जना महिला भलिबल खेलाडीहरुलाई सम्मान



'काभा वुमन्स भलिबल नेसन्स लिग-२०२४' मा सहभागी भएका नेपाल एपीएफ क्लवका तीन जना महिला भलिबल खेलाडीहरुलाई साउन ३० गते प्रधान कार्यालयमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सम्मान गर्नुभएको छ । सम्मानित हुनेहरुमा सशस्त्र प्रहरी सहायक हवल्दार सरस्वती चौधरी, निरुता ठगुन्ना र सशस्त्र प्रहरी जवान कविता भट्ट छन् ।

महानिरीक्षक अर्यालले लामो समयदेखि नेपाल एपीएफ क्लवमा आवद्ध रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिताहरुमा सहभागी भई उत्कृष्ट खेल प्रदर्शन गरी देश र संगठनको छवी उच्च राख्न खेलेको महत्वपूर्ण योगदानको कदर गर्दै उनीहरुलाई नगद पुरस्कारसहित सम्मान गर्नुभएको हो ।

उक्त लिग साउन १७ देखि २३ गतेसम्म त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषदको कभर्ड हलमा सम्पन्न भएको थियो । यसैगरी लिग तथा अन्य भलिबल प्रतियोगितामा समेत उत्कृष्ट प्रदर्शन गर्दै आएकी निरुता ठगुन्नालाई सशस्त्र प्रहरी जवानबाट सशस्त्र प्रहरी सहायक हवल्दार पदमा बढुवा गरिएको छ ।

बढुवा भएकी ठगुन्नालाई खेलकुद तथा शारीरिक सुगठन शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक रमेश कुमार पाण्डेले सोही दिन दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको हो । यसअघि २२औं सशस्त्र प्रहरी दिवस-२०७९को अवसरमा सरस्वती चौधरीलाई सशस्त्र प्रहरी जवानबाट सशस्त्र प्रहरी सहायक हवल्दार पदमा पदोन्नती गरिएको थियो ।



साउन ३२ गते गृहमन्त्रालयमा गृहसचिव एकनारायण अर्याल र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल बीच आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यसम्पादन सम्झौता भएको छ ।

## खेलाडीहरुलाई खेल पोशाक प्रदान




सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले साउन २० गते प्रधान कार्यालयमा नेपाल एपीएफ क्लवका खेलाडीहरुलाई अग्नि इन कर्पोरेटेड प्रा.लि.द्वारा प्रायोजन भएको विभिन्न खेल पोशाक प्रदान गर्नुभएको छ ।

महानिरीक्षक अर्यालले सोही अवसरमा नेपाल एपीएफ क्लवका खेलाडीहरुले विभिन्न खेलकुद विधामा हासिल गरेका पदकहरुले खेलाडीहरुमा हौसला अभिवृद्धि हुने मात्र नभई संगठनको नाम समेत उच्च रहेको बताउनुहुँदै जुनसुकै प्रतियोगितामा सहभागी हुँदा खेलाडीहरुले सक्छु र जित्छु भन्ने भावना लिएर अघि बढ्न निर्देशन दिनुभयो । स्थापनाको छोटो अवधिमा नेपाल एपीएफ क्लवले फुटबल, भलिबल, ह्याण्डबल, क्रिकेट, तेक्वान्दो, कराते, उसु, बक्सिङ, फेन्सिङ, कवड्डी, जुडो, भारोत्तोलन, रग्बी, व्याडमिन्टन, एथलेटिक्सलगायतका खेलहरुमा सहभागिता जनाउँदै आएको छ ।

स्वदेशमा मात्र नभई विदेशमा समेत विभिन्न प्रतियोगितामा भाग लिँदै उत्कृष्ट खेल प्रदर्शन गरेका नेपाल एपीएफ क्लवका खेलाडीहरुले हालसम्म ४ हजार १ सय ५ पदक प्राप्त गरेका छन् । जसअन्तर्गत राष्ट्रिय प्रतियोगितामा १ हजार ३ सय २७ स्वर्ण, १ हजार २ सय ३९ रजत र १ हजार २ सय ९३ कास्य तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा १ सय स्वर्ण, ७४ रजत र ७२ कास्य पदक रहेका छन् ।

## खेलकुद सामाग्री हस्तान्तरण



मलेसियामा अगष्ट २४ देखि ३० तारिखसम्म सञ्चालन हुने AFC च्याम्पीयनसिप लिगमा सहभागी हुन लागेका नेपाल एपीएफ क्लवका महिला खेलाडीहरुलाई खेल सामाग्री हस्तान्तर गरिएको छ ।

साउन ७ गते प्रधान कार्यालयमा सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्याल र राष्ट्रिय खेलकुद परिषद बोर्ड सदस्य तथा एन्फा महिला फुटबल संघकी अध्यक्ष श्रीमती पेमा लामा श्रेष्ठले खेल सामाग्री हस्तान्तरण गर्नुभएको हो ।

## पेरिस ओलम्पिकमा एपीएफ क्लवका खेलाडी सहभागी

जुलाई २६ देखि अगष्ट ११ तारिखसम्म फ्रान्समा संचालन भएको 'पेरिस ओलम्पिक-२०२४' मा नेपाल एपीएफ क्लवका खेलाडी सहभागी भएका छन् । व्याडमिन्टन खेलतर्फ प्रिन्स दाहाल र सुटिङ्ग खेलतर्फ सुस्मिता नेपाल सहभागी भएका हुन् । उनीहरुलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमले साउन ४ गते विदाई गर्नुभएको थियो ।



## अवकाश पूर्व एक तह विशेष बढुवा



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले साउन ३० गते प्रधान कार्यालयमा तीन जना अधिकृतहरुलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ ।

अवकाश पूर्व एक तह विशेष बढुवा हुनुभएका सशस्त्र प्रहरी उपरीक्षकहरु भिम बहादुर चौधरी र महेन्द्र राज भारती तथा सशस्त्र प्रहरी नायव उपरीक्षक सुजनकुमार गोलेलाई दर्ज्यानी चिन्ह प्रदान गरिएको हो । उहाँहरु सशस्त्र प्रहरी नायव उपरीक्षकबाट सशस्त्र प्रहरी उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षकबाट सशस्त्र प्रहरी नायव उपरीक्षकमा पदोन्नती हुनुभएको हो । अवकाश पश्चात सो पद स्वतः खारेज हुनेछ ।

कार्यक्रममा महानिरीक्षक अर्यालले बढुवा हुनुभएका अधिकृतहरुलाई संगठनमा रहँदा उहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च प्रशंसा गर्नुहुँदै अवकाशपछिको जीवन सुखमय रहोस् भन्ने शुभकामना व्यक्त गर्नुभएको थियो ।

## दर्ज्यानी चिन्ह प्रदान

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले प्रधान कार्यालय हलचोक स्वयम्भुमा साउन ६ गते सशस्त्र प्रहरी नायव निरीक्षकबाट सशस्त्र प्रहरी निरीक्षक पदमा पदोन्नति हुनुभएका तीन जना अधिकृतहरुलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ ।

नेपाल सरकार गृहमन्त्रालय (सचिवस्तर) को मिति २०८१ साउन ४ गतेको निर्णयले उहाँहरु सशस्त्र प्रहरी सेवा, साधारण समूह, लेखा उपसमूहतर्फको सशस्त्र प्रहरी निरीक्षक पदमा बढुवा हुनुभएको हो ।

कार्यक्रममा महानिरीक्षक अर्यालले पदोन्नति हुनुभएका अधिकृतहरुलाई हार्दिक बधाई दिनुहुँदै बढुवासँगै थप भएको जिम्मेवारीलाई कार्यक्षेत्रमा कुशलतापूर्वक सम्पन्न गर्न निर्देशन दिनुभयो ।



# स्थापना दिवस

## खेलकुद तथा शारीरिक सुगठन शिक्षालय



खेलकुद तथा शारीरिक सुगठन शिक्षालय काठमाडौंको सातौं स्थापना दिवस सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलको प्रमुख आतिथ्यमा साउन १६ गते सम्पन्न भएको छ ।

कार्यक्रममा अतिरिक्त महानिरीक्षक पौडेलले स्थापना दिवसको अवसरमा सञ्चालन गरिएको विभिन्न प्रतियोगिताका विजयी खेलाडी तथा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार प्रदान गर्नुका साथै शिक्षालयलाई सहयोग पुऱ्याउने विभिन्न संघसंस्था तथा महानुभावहरुलाई कदरपत्र प्रदान गर्नुभएको थियो ।

अतिरिक्त महानिरीक्षक पौडेलले नेपाल एपीएफ क्लबले आफ्नो स्थापनाको छोटो अवधीमै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागिता जनाउँदै उल्लेख्य उपलब्धी हासिल गरेकोसमेत बताउनुभयो । कार्यक्रममा शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक रमेशकुमार पाण्डेले विभिन्न खेल विधामा उत्कृष्ट नतिजा ल्याई पुरस्कृत हुन सफल भएका खेलाडीहरुलाई धन्यवाद प्रकट गर्नुभयो ।

## नं. ३८ रिजर्भ गण झापा



नं. ३८ रिजर्भ गण झापाको चौथो स्थापना दिवसमा नं. १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक शम्भु सुवेदीको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

कार्यक्रममा नायव महानिरीक्षक सुवेदीले स्थापना दिवसको अवसरमा सञ्चालन गरिएको विभिन्न खेलकुद प्रतियोगितामा प्रथम भएका खेलाडी तथा टिम र वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । गणले स्थापना दिवसको अवसरमा मन्दिर सरसफाइ, वृक्षारोपण तथा रक्तदान कार्यक्रमसमेत आयोजना गरेको थियो ।

## नं. ३३ त्रिपुरा गण जुम्ला

नं. ३३ त्रिपुरा गण जुम्लाको १०औं स्थापना दिवस नं. ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतका बाहिनीपति सशस्त्र प्रहरी नायव महनिरीक्षक दुर्गा प्रसाद भट्टराईको प्रमुख आतिथ्यमा साउन २६ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

कार्यक्रममा नायव महानिरीक्षक भट्टराईले स्थापना दिवसको अवसरका संचालन गरिएको विभिन्न खेलकुद प्रतियोगिताका विजयी खेलाडी तथा टिम, वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।



## नं. ४४ गण दार्चुला



नं. ४४ गण दार्चुलाको चौथो स्थापना दिवस नं. ७ बैद्यनाथ बाहिनी मुख्यालयका सहायक बाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक उद्धवबहादुर न्यौपानेको प्रमुख आतिथ्यमा साउन १९ गते सम्पन्न भएको छ ।

कार्यक्रममा वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, विभिन्न खेल विधामा विजेता खेलाडीहरुलगायत गणलाई सहयोग पुऱ्याउने महानुभावहरुलाई कदर पत्र तथा प्रशंसापत्र प्रदान गरिएको थियो ।

## नं. ३५ शैलेश्वरी गण कञ्चनपुर



नं. ३५ शैलेश्वरी गणको २१औं स्थापना दिवस नं. ७ बैद्यनाथ बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपक अधिकारीको प्रमुख आतिथ्यमा साउन १८ गते सम्पन्न भएको छ ।

नायव महानिरीक्षक अधिकारीले वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, विभिन्न खेल विधामा विजेता खेलाडीहरुलगायत गणलाई सहयोग पुऱ्याउने संघसस्था तथा महानुभावहरुलाई कदरपत्र तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## खोजी जारी छ....................

गरिसकेका थिए । कालिखोलामा गएको पहिरोलाई केहि हद सम्म हटाई बाटो एकतर्फी संचालन गराएर थप टोली घट्नास्थल पुगेको थियो । सशस्त्र प्रहरी बल नेपालका साथसाथै नेपाली सेना, नेपाल प्रहरीका उद्धारकहरु समेत परिचालित थिए ।

सामान्य खुट्टा टेक्न सक्ने बाटो बनाएपछि बोट र उद्धार सामाग्रीहरु तल नदीको छेउमा झार्यौं । आफ्ना उद्धार सामाग्रीहरु सहित खोजी कार्यको लागि त्रिशुलीको उर्लदो भेलमा विभिन्न उपायहरु अपनाई खोजी कार्य शुरु गर्यौं । बोटलाई एक ठाउमा अड्याएर राख्न सक्ने अवस्था नभएका कारण खोला किनार बाटनै रोपद्वारा ह्यान्डल गरिएको थियो । उक्त दिन घट्नास्थल र वरिपरि पाँचसय मिटरको दुरीमा खोजतलास निरन्तर गरिरह्यौं । हामीले नदीको भेलमा खोजी कार्य गरिरहदा माथि पीडितका परिवारहरु आखामा आशु लिई खोलाका किनारमा नियालीरहेका हुन्थे । मानवीय संवेदना एकातिर थियो भने खोजतलास गर्न त्यतिनै कठिन, संवेदनशिल र जोखिमपुर्ण थियो । Equipment हरुको प्रयोगले खासै सकरात्मक नतिजा दिन सकिरहेको थिएन । Equipment



हरुको प्रयोग साथसाथै उद्धारका सम्पूर्ण विधिहरु River Run, Deep Diving, Surface Search Pipe Inspection Sewer Camera, Sonar Device, Eco Sound Device, Under Water Drone, Out Board Motor boat / Raft प्रयोग गरी खोजीकार्यलाई निरन्तरता दिईएको थियो ।

घटनाको दोस्रो दिन पनि उद्धार टोली बिहान सवेरै उद्धार सामाग्रीसहित घट्नास्थल पुग्यो । Pipe Inspection System, Water Drone/Sonar Camera प्रयोग गरेर घट्नास्थल वरिपरी झन्डै २ किलोमिटर खोजी कार्य गर्यौं । नदीको बहाव उच्च भएका कारण हराईरहेका बस केहि तलसम्म लगेको हुनसक्ने भएकोले संभावित घुम्ती तथा अड्काउन सक्ने स्थानहरुलाई मध्यनजर गरी घट्नास्थल भन्दा तल घुमाउने, केरावारी, गाईघाट, भोर्ले, ठिमुरा, देवाघाट, नारायणगढ पुल हुँदै शिवघाट लगायत काभ्रेघाट सम्मको स्थानहरुमा पटक-पटक दोहऱ्याएर खोजीकार्य गरी रह्यौं तर परिणाम हासिल हुन सकेन ।

घट्नास्थल सिमलतालदेखि काभ्रेघाटसम्म बस तथा यात्रुहरु भेटिएका थिएनन् भने सशस्त्र प्रहरी बल, नेपालका अरु उद्धार टोलीहरुले काभ्रेघाट हुँदै गोलाघाट तथा नदिको तल्लोभाग त्रिवेणीसम्मको तटिय क्षेत्रमा खोजीकार्य गरिरहेका थिए । फलस्वरुप केही शव नारायणी नदिको किनार तथा टापुहरुमा फेला परे । असार २९ गतेदेखि साउन ४ गतेसम्म विभिन्न स्थानहरुमा २४ वटा शव फेला परेको मध्ये २० वटाको मात्र सनाखत भएको छ ।

खोजीकार्य जारी भईरहँदा नेपाल सरकारको समन्वयमा भारतबाट NDRF का १० जना उद्धारकहरुले उद्धार सामाग्रीसहित साउन ५ गते देखि १३ गतेसम्म झन्डै ८ दिन सम्म खोजीकार्य गर्दा समेत बस फेला पर्न सकेन । तर अझै पनि बेपत्ता यात्रु र बसको हालसम्म पनि सशस्त्र प्रहरीका उद्धारकहरुले खोजीकार्यलाई निरन्तरता दिईरहेका छन् ।

**(विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, चितवन)**

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडसँगको सम्झौता नवीकरण



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा साउन ९ गते सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडबीच भएको सम्झौता नवीकरण गरिएको छ ।

२०७९ सालमा भएको तलवी बचत खाता सञ्चालन, पेशाकर्मी सरलकर्जालगायत बैंकिङ कारोवारसम्वन्धी सम्झौतामा थप परिमार्जन गरी पुनः नवीकरण गरिएको हो ।

उक्त सम्झौतामा सशस्त्र प्रहरी बल नेपालको तर्फबाट सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतम र सशस्त्र प्रहरी नायव महानिरीक्षक दीपेन्द्र शाह तथा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, नायव प्रमुख कार्यकारी अधिकृत देबेसप्रसाद लोहनी र उपकार्यकारी अधिकृत पवन रेग्मीले हस्ताक्षर गर्नुभएको हो ।

## अधिस्नातक डिप्लोमा कोर्ष समापन



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा पहिलो पटक सञ्चालन भएको सुरक्षा तथा विपद् व्यवस्थापन अध्ययन अधिस्नातक डिप्लोमा (Post Graduate Diploma in Security and Disaster Management Studies (PGDSDMS) कोर्ष समापन भएको छ ।

साउन २ गते सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले कोर्ष समापन गर्नुका साथै तालिम सफलतापूर्वक सम्पन्न गर्ने सम्पूर्ण प्रशिक्षार्थीहरुलाई हार्दिक बधाई दिनुभयो । उहाँले यस प्रकारका तालिम कार्यक्षेत्रमा आइपर्ने चुनौतीहरुको सामना गर्दै अघि बढ्न महत्वपूर्ण हुने बताउनुभयो । महानिरीक्षक अर्यालले प्रशिक्षार्थीहरुले कोर्षमा सिकेका ज्ञानलाई कार्यक्षेत्रमा अधिकतम प्रयोग गरी व्यावसायिक जीवनमा प्रदर्शन गरिने हरेक क्रियाकलापले संगठनको लक्ष्यप्राप्तिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायका डिन प्रोफेसर डा. कुशुम शाक्यले विशेष गरी सुरक्षा तथा विपद्सँग सम्बन्धित यस किसिमको कोर्ष सञ्चालन गर्नु प्रशंसनीय रहेको चर्चा गर्नुहुँदै कार्यक्षेत्रमा आइपर्ने सीमा सुरक्षा तथा विपद् व्यवस्थापनका कार्यहरुमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो । गुल्मपति तथा स्टाफ तालिमको पाठ्यक्रमसमेत समावेश गरी दुई सेमेष्टरमा सञ्चालन गरिएको सो कोर्षमा ३४ सशस्त्र प्रहरी निरीक्षकहरुको सहभागिता रहेको थियो ।

## प्रशासनिक व्यवस्थापन तालिम समापन



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा साउन १६ गते सि.सं. ३ प्रशासनिक व्यवस्थापन (सिनियर अधिकृत) तालिम सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमले सफलतापूर्वक तालिम सम्पन्न गरेका प्रशिक्षार्थी अधिकृतहरुलाई हार्दिक बधाईसमेत दिनुभएको छ । उहाँले सशस्त्र प्रहरी अधिकृतहरुलाई दक्ष, प्रभावकारी र उत्तरदायित्व बहन गर्न तथा प्रशासनिक काममा चुस्त र दुरुस्त बनाउनका लागि तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो । अतिरिक्त महानिरीक्षक गौतमले तालिमका दौरानमा सिकेका ज्ञान, सीप, कला र क्षमतालाई अनुशासित तवरमा कार्यक्षेत्रमा परिचालित हुँदा त्रुटिरहित ढंगबाट प्रयोगमा ल्याउनुपर्ने बताउनुभयो ।

## युवक अधिकृत तालिम संचालन



हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटन पोखरामा साउन २७ गतेदेखि सि.सं. २० युवक अधिकृत तालिम सञ्चालन भएको छ । नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कुलबहादुर नेम्वाङको प्रमुख आतिथ्यमा तालिम सञ्चालन भएको हो ।



प्रधान कार्यालयमा बृक्षारोपण गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल ।

## रक्तदान



झापा जिल्लाको भद्रपुर नगरपालिका-१० स्थित शहिद मनोज स्मृति सामुदायिक राष्ट्रसेवक भवनमा साउन १५ गते नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति झापाले आयोजना गरेको कार्यक्रममा रक्तदान गर्दै नं. २ गण झापाको सुरक्षा फौज ।



नं. ३८ रिजर्भ गण झापाको चौथो स्थापना दिवसको अवसरमा रेडक्रस सोसाइटी उपशाखा दमक झापाको सहकार्यमा रक्तदान गर्दै गणको सुरक्षा फौज ।



रोटरी क्लब अफ लमहीले दाङ जिल्लाको लमही नगरपालिका-५ मा आयोजना गरेको कार्यक्रममा रक्तदान गर्दै नं. ४१ रिजर्भ गण चन्द्रौटा कपिलवस्तुको सुरक्षा फौज ।



नेपाल एपीएफ अस्पताल बलम्बुको सहकार्यमा रक्तदान गर्दै सोही अस्पताल तथा राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थको सुरक्षा फौज ।

# उद्धार/विविध

## माटोको ढिस्कोले पुरिएका व्यक्तिको उद्धार



सोलुखुम्बु जिल्लाको सोलुदूधकुण्ड नगरपालिका-६ दोर्पूमा माटोको ढिस्कोले पुरिएका व्यक्तिको साउन ४ गते उद्धार गरिएको छ ।

सोही जिल्लाको माप्य दूधकोशी गाउँपालिका-५ बस्ने अन्दाजी ४२ वर्षीय तेजबहादुर तामाङ तार जालीको पर्खाल लगाउने क्रममा माटोको ढिस्कोले पुरिएका थिए । आश्रित गुल्म सोलुखुम्बुबाट खटिएको सुरक्षा फौजले उनको तत्कालै उद्धार गरी जिल्ला अस्पताल फाप्लुतर्फ पठाएको छ ।

## पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका युवकको शव फेला



कास्की जिल्लाको पोखरा महानगरपालिका-२३ घाँटीछिनास्थित हर्पन खोलामा डुबेर बेपत्ता भएका युवकको शव गोताखोरले साउन १ गते दिउँसो करिब ३:१५ बजे फेला पारेको छ । धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका-७ घर भई पोखरा महानगरपालिका-८ नागढुंगा बस्ने २५ वर्षीय सन्तोष सिम्खडा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका थिए । घटनाबारे जानकारी प्राप्त हुनासाथ नं. २४ कालिका गण कास्कीबाट गोताखोरसहितको विपद् व्यवस्थापन टोलीले डिप डाइभ विधिको प्रयोग गरी झण्डै २० फिट गहिराईबाट उनको शव बाहिर निकालेको हो । शव पोष्टमार्टमको लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ ।



**भक्तपुरको मध्यपुर ठिमी नगरपालिका-२ सानो ठिमीस्थित आदर्श माध्यमिक विद्यालयका शिक्षक, शिक्षिका र विद्यार्थीहरुलाई जल उत्पन्न प्रकोप सम्बन्धी जनचेतनामूलक कक्षा संचालन गरी विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउन कृतिम सामाग्रीहरुको निर्माण गरी प्रदर्शन गर्दै नं. २२ गुहेश्वरी गण दुवाकोटको सुरक्षा फौज ।**

## साउन महिनाको बरामदी विवरण

### बाहिनी मुख्यालय, गण, गुल्म तथा सुरक्षा बेस र बिओपीहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीको विवरण

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १ | ईलाम | १४२९२५० |
| २ | झापा | १७९२६०४३ |
| ३ | मोरङ्ग | ८५५३५३२ |
| ४ | सुनसरी | ७४०९४६९ |
| ५ | पाँचथर | ९००० |
| ६ | सप्तरी | ३२९३९४५ |
| ७ | सिरहा | ७४८५९९० |
| ८ | धनुषा | ७२३२३८४ |
| ९ | महोत्तरी | ७३८५२४१ |
| १० | सर्लाही | ६४२३८०० |
| ११ | रौतहट | ७३५६२३३ |
| १२ | बारा | २१४६८८३० |
| १३ | पर्सा | ५००२९६१२ |
| १४ | मकवानपुर | ६७९६०६६ |

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १५ | सिन्धुली | ९९०७७६ |
| १६ | सिन्धुपाल्चोक | २६४२८२२ |
| १७ | रसुवा | २८६३६४३ |
| १८ | पश्चिम नवलपरासी | १००१२१६९ |
| १९ | रुपन्देही | ६२४९८८८ |
| २० | कपिलवस्तु | ५३८९५५१ |
| २१ | दाङ्ग | ५७९४०० |
| २२ | बाँके | ११६६६०१४ |
| २३ | बर्दिया | १४३६८१२ |
| २४ | कैलाली | ९७७०२२० |
| २५ | कञ्चनपुर | ६१९४५३१ |
| २६ | डडेलधुरा | ४५६०० |
| जम्मा | | २१,०६,४०,८२१ |

## दोन्द्रा खोलाको बीच भागमा अड्किएका व्यक्तिको सकुशल उद्धार



बाँके जिल्लाको नरैनापुर गाउँपालिका-६ स्थित दोन्द्रा खोलाको बीच भागमा अड्किएका व्यक्तिको साउन १६ गते सकुशल उद्धार गरिएको छ । सोही गाउँपालिका-७ बस्ने ५० वर्षीय कुलबहादुर चौधरी बाँकेको जमुनिबाट नरैनापुरतर्फ जाने क्रममा खोलाले बगाएको थियो । घटनाबारे जानकारी प्राप्त हुनासाथ बोर्डर आउट पोष्ट गंगापुर, नेपाल प्रहरी र स्थानीय वासिन्दाले डोरीको सहायताले उनलाई सकुशल उद्धार गरेको हो ।

## अस्थायी तटबन्ध निर्माण तथा अवरुद्ध बाटो खुलाइयो



साउन १० गते नं. २२ गुहेश्वरी गण दुवाकोटबाट खटिएको सुरक्षा फौजले अविरल वर्षाको कारण भक्तपुर को मनोहरा खोलामा आएको बाढीले कटान गरेको ठाउँहरुमा अस्थायी तटबन्ध निर्माण गर्नुका साथै पहिरोले अवरुद्ध भएको सडक खुलाएको छ । मध्यपुरथिमी नगरपालिका-९ स्थित मनोहरा खोलाले कटान गरेको डिप बोरिङमा अस्थायी तटबन्ध निर्माणसमेत गरिएको छ ।

त्यस्तै मध्यपुरथिमी नगरपालिका-९ र काठमाडौंको कागेश्वरी नगरपालिका-७ को बीच भागमा रहेको मनोहरा पुल नजिकैको एक घरमा अविरल वर्षासँगै आएको बाढीले कटान गरेपछि जेसीबीको सहयोगमा सो ठाउँमा अस्थायी तटबन्ध निर्माण गरिएको हो । त्यसैगरी मध्यपुरथिमी नगरपालिका-९ स्थित गणेश मन्दिर जाने स्थानमा अविरल वर्षाको कारण पहिरो आई अवरुद्ध भएको सडक खुलाइएको छ ।

## उपत्यकाको विभिन्न ठाउँमा डुवानमा परेकाहरुको उद्धार

साउन १६ गते अविरल वर्षाका कारण उपत्यकाको विभिन्न ठाउँमा डुवानमा परेकाहरुको उद्धार गरिएको छ । भक्तपुरको सूर्यविनायक नगरपालिका-२ स्थित बालकोटमा वर्षाको कारण गोदावरी खोलामा पानीको बहाव बढी डुवानमा परेका चार जनाको सकुशल उद्धार गरिएको हो । उनीहरुलाई सुरक्षा बेस व्यासी भक्तपुर र नेपाल प्रहरीको संयुक्त टोलीले उद्धार गरेको हो । यसैगरी काठमाडौं महानगरपालिका-१० शंखमुल क्षेत्रको २ वटा घरभित्र छिरेको पानी नं. २० विपद् उद्धार गण सिनामंगलको सुरक्षा फौजले प्रोटेबल पम्प प्रयोग गरी फालेको छ ।

यसैगरी थापाथलीस्थित सुकुम्वासी बस्तीमा बाग्मती नदीको पानी पसेर डुवान भएकोमा सोही गणबाट खटिएको विपद् उद्धार तालिम प्राप्त फौजले बस्तीको पानी कटान गर्ने कार्य गरेको छ । अविरल वर्षाका कारण काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका-१० स्थित सुन्दरीघाटमा रहेको राधा स्वामी एरियामा फसेका १५ जनाको नं. १८ नीलबाराही गणबाट खटिएको सुरक्षा फौजले उद्धार गरेको छ । अविरल वर्षाको कारण बाढीमा फसेको खबर पाएपछि गणबाट फौज परिचालन गरिएको थियो । उनीहरुलाई ट्युब तथा डोरीको सहायताले उद्धार गरी सुरक्षित स्थानमा ल्याइएको हो ।



यसैगरी साँखु भोटेचौर सडक खण्डअन्तर्गत देउरालीमा अविरल वर्षाको कारण पहिरो गई अवरुद्ध भएको सडक सुरक्षा बेस लप्सीफेदीबाट खटिएको सुरक्षा फौज र स्थानीय वासिन्दाले स्काभेटरको सहायताले सुचारु गरेको छ । काठमाडौंको नागार्जुन नगरपालिका-३ इचंगुनारायणस्थित लकजोल टोलमा वर्षाको कारण पहिरो आई पुरिएको टहरामा रहेका खाद्यान्न, लत्ताकपडा, भाँडावर्तन तथा पशुचौपाया नं. १९ बगलामुखी विशेष कार्यदल गणबाट खटिएको सुरक्षा फौजले सुरक्षित स्थानमा स्थानान्तरण गरेको छ ।

यसैगरी ललितपुरको सानेपास्थित राजतीर्थमा अविरल वर्षाको कारण बाग्मती नदीमा आएको बाढीले डुवानमा परेका ६ जनाको नं. २१ दक्षिणकाली गणको सुरक्षा फौजले सकुशल उद्धार गरेको छ ।



## स.प्र.बल, नेपाल इकाई परिचय

# खेलकुद तथा शारीरिक सुगठन शिक्षालय, काठमाडौं

मुलुकभर शान्ति सुरक्षा कायम राख्नेलगायतका प्रमुख जिम्मेवारीहरूका साथसाथै नेपाली खेलकुद क्षेत्रको विकास, विस्तार र कला संस्कृतिहरुको जगेर्ना र उत्थानमा सशस्त्र प्रहरी बल, नेपालले आफ्नो स्थापनाकालदेखि नै

शिक्षालय लोगो



विशेष महत्व दिँदै आएको छ। खेलकुद क्षेत्रमा सशस्त्र प्रहरी बल, नेपालको पहिलो खुड्किलोको रुपमा २०५९ साल माघ २५ देखि २९ गतेसम्म पोखरामा सम्पन्न भएको राष्ट्रिय व्याडमिन्टन प्रतियोगितामा सहभागिता जनाएको इतिहास रहेको छ। खेलकुद क्षेत्रमा विभागीय क्लबहरूको भूमिका अहम् हुने तथ्यलाई समेत दृष्टिगत गर्दै देशभर छरिएर रहेका उत्कृष्ट खेल प्रतिभाहरूको पहिचान गरी उनीहरूलाई संगठनमा आबद्ध गराइ उत्कृष्ट खेलाडीको रुपमा उत्पादन गरी राष्ट्रको खेलकुद क्षेत्रमा योगदान पुऱ्याउने उद्धेश्यले २०६१ साल बैशाख ३१ गते विधिवत् रुपमा 'श्री ५ ज्ञानेन्द्र एपीएफ अफिसर्स क्लब' को स्थापना भएको थियो।

२०६२ सालमा शहिद स्मारक 'ए' डिभिजन फुटबल लिगमा ज्ञानेन्द्र एपीएफ अफिसर्स क्लबको नामबाट पहिलोपल्ट राष्ट्रिय फुटबल प्रतियोगितामा सहभागिता जनाएको थियो। क्लब स्थापनापछि विभिन्न खेल विधाहरू समावेश गरी राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा सहभागिताको साथै नेपाली मौलिक कला संस्कृति झल्काउने विभिन्न साँस्कृतिक कार्यक्रम गर्दै आएको थियो। २०६३ सालमा यस क्लबलाई नेपाल एपीएफ क्लबमा नामाकरण गरिएको हो। 'सशस्त्र प्रहरी बल, नेपालको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन-२०७५' मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृत भई २०७५ साल साउन १६ गते सशस्त्र प्रहरी बल, नेपाल खेलकुद तथा शारीरिक सुगठन शिक्षालयको विधिवत रुपमा स्थापना भएको र हाल नेपाल एपीएफ क्लब शिक्षालयअन्तर्गत रही आएको छ।

२०८० साल साउन ३ गतेको संगठन पुनर्संरचनामा सशस्त्र प्रहरी बल, नेपाल खेलकुद तथा शारीरिक सुगठन शिक्षालयमा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक (समादेशक) रहने गरी ४ सय ६५ जनाको स्वीकृत दरबन्दी रहेको छ।

नेपाल एपीएफ क्लबले स्थापनाकालदेखि नै फुटबल खेललाई मुख्य खेलको रुपमा समावेश गरी २०६१ सालमा पहिलो पटक हिमालयन बैंक कपमा सहभागी भई २०६२ देखि आधिकारिक रुपमा राष्ट्रिय स्तरको फुटबल प्रतियोगितामा नवप्रवेशी फुटबल क्लबको रुपमा 'ए' डिभिजन लिगमा सहभागिता जनाउँदै आइरहेको नेपाल एपीएफ क्लबको फुटबल टिमलाई एसियाली फुटबल महासंघको पहलमा २०७८ साल भदौं १० गते AFC लाइसेन्स प्राप्त भएको छ। सशस्त्र प्रहरी बल, नेपाल खेलकुद तथा शारीरिक सुगठन शिक्षालय स्थापनापश्चात् साविकको नेपाल एपीएफ क्लबको फुटबल टिमलाई २०७८ साल असोज १८ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत् रुपमा एपीएफ फुटबल क्लब (APFFC) को रुपमा दर्ता गरिएको थियो।

नेपाल एपीएफ क्लबले २०६५ सालमा काठमाडौंमा आयोजित पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिताबाट अविछिन्न रुपमा राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागिता जनाउँदै आइरहेको छ। नेपाल एपीएफ क्लबले पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०६५ मा द्वितीय, छैठौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०६८ मा तृतीय, सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०७३ मा द्वितीय, आठौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०७६ मा तृतीय र नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०७९ मा द्वितीय स्थान हासिल गरेको थियो। नेपाल एपीएफ क्लबले आफ्नो स्थापनाको छोटो अवधीमै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागिता जनाउँदै उल्लेख्य उपलब्धी हासिल गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ।



सप्रबउ रमेशकुमार पाण्डे
समादेशक

जसअनुसार स्थापनाकालदेखि हालसम्म आइपुग्दा नेपाल एपीएफ क्लबले राष्ट्रिय प्रतियोगिताहरुमा स्वर्ण-१ हजार ३ सय २७, रजत-१ हजार २ सय ३९ र कास्य-१ हजार २ सय ९३ गरी जम्मा- ३ हजार ८ सय ५९ तथा विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा स्वर्ण-१००, रजत-७४ र कास्य-७२ गरी जम्मा- २ सय ४६ पदक प्राप्त गरेको हुँदा यही पदक नतिजालाई नेपाल एपीएफ क्लबको उपलब्धीको रुपमा लिन सकिन्छ।



### हालसम्मका समादेशकहरू

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | सप्रउ | कृष्णराज पाठक | २०७५/०५/२० | २०७६/०४/१६ |
| | सप्रउ | तुलसीराम दाहाल | २०७६/०४/१७ | २०७७/०४/२४ |
| | सप्रउ | शंकर खनाल | २०७७/०४/२५ | २०७८/०७/०९ |
| | सप्रउ | राजेश उप्रेती | २०७८/०७/१० | २०७८/१०/०४ |
| | सप्रउ | अर्जुन खत्री | २०७८/१०/०५ | २०७९/१०/१७ |
| | सप्रउ | सुधीर सुवेदी | २०७९/१०/१८ | २०८१/०१/०२ |
| | सप्रउ | उद्धवबहादुर रावल | २०८१/०१/०३ | २०८१/०१/३१ |
| | सप्रबउ | रमेशकुमार पाण्डे | २०८१/०२/०१ | हालसम्म |

## डेंगी ज्वरो (Dengue Fever)

डेंगी ज्वरो (Dengue Fever) एक प्रकारको मौसमी ज्वरो हो। यो डेंगी भाइरस (Dengue Virus) का कारणले गर्दा लाग्ने गर्दछ। यो रोग मानिसहरुमा संक्रमित पोथी एडिस लामखुट्टेको टोकाइबाट सर्दछ। सामान्यतया डेंगी भाइरसको संक्रमण भएको तीनदेखि चौध दिनपछि यसका लक्षणहरू देखिन थाल्दछन्। जसमा एक्कासी ज्वरो आउने, अत्याधिक टाउको दुख्ने, बान्ता हुने, आँखाका गेडीहरु दुख्ने, मांशपेशी तथा जोर्नीहरू दुख्ने र छालामा रातो बिबिरा देखिने गर्दछन्। सामान्य अवस्थामा यो रोग लागेमा दुईदेखि सात दिनसम्म निको हुने गर्दछ। तर केही बिरामीहरूमा यो रोगले डेंगी हेमोरेजिक फिबर (Dengue Hemorrhagic Fever) र डेंगी सक सिन्ड्रोम जस्ता जटिलताहरु निम्त्याउन सक्दछ। यी अवस्थामा समयमै चिकित्सकको सल्लाह लिएर उपचार नगरेमा बिरामीको ज्यानसमेत जान सक्दछ।

### डेंगी रोग फैलिने कारणहरु

डेंगी भाइरसबाट संक्रमित भएको एडिस इजिप्टाई प्रजातिका पोथी लामखुट्टेले मानिसलाई टोकेमा।

एडिस लामखुट्टेले स-साना पानी जमेका स्थानहरु जस्तै : टिनका डब्बा, थोत्रा टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रम, फूलदानी गमला, पानीका ट्याङ्की आदिमा फूल पार्ने गर्दछ। जसमा उसको वृद्धि र विकास हुन्छ।

मानिसको भीडभाड भएमा र पूर्ण रुपमा शरीर छोप्ने कपडा नलगाएमा।

### डेंगी रोगका लक्षणहरु

यो रोग लागेमा निम्नानुसारका लक्षणहरु देखा पर्दछ।

सुरुमा एक्कासी धेरै टाउको दुख्ने, ज्वरो आउने, रिँगटा लाग्ने, आँखाको गेडी दुख्ने, शरीरको मांशपेशी पूरै दुख्ने हुन्छ।

त्यस्तै जोर्नीहरु दुख्ने, बान्ता हुने, आलश्यता हुने।

शरीरमा बिबिरा आउने, श्वासप्रश्वासमा समस्या आउने साथै नाकबाट रगत आउने, शरीरमा पानीको मात्रा कम हुने, प्लेटलेट्सको संख्या एक लाखभन्दा कम हुने, रक्तचाप कम हुने हुन्छ।

तीन दिनको ज्वरोको चरण पार गरेपछि रगतमा पानीको मात्रा कम भएमा कमजोरी बढ्दै जाने र रक्तचाप कम हुने पनि हुन्छ। शरीरमा डाबरहरु आउने, बिरामी सिकिस्त हुने, रक्तचाप निकै कम हुने हुन्छ।

### डेंगी रोगबाट बच्ने उपायहरु

यो रोग संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने भएकोले रोग फैलिनबाट जोगिन लामखुट्टेको टोकाइबाट बच्नुको साथै लामखुट्टेको वृद्धि विकासलाई रोक्न निम्न उपायहरु अपनाउनु पर्दछ।

पूरा बाउला भएको सर्ट, भेष्ट तथा फूल पाइन्ट, ट्राउजर र मोजा आदि लगाउने। विशेषगरी बेलुका ४ बजेदेखि बिहान ८ बजेसम्म पूर्ण बाहुला भएको कपडा प्रयोग गर्दा उपयुक्त हुने।

झ्याल तथा ढोकाहरुमा जालीको प्रयोग गर्ने।

रात र दिनमा अनिवार्य रुपमा झुलको प्रयोग गर्ने अथवा लामखुट्टे धपाउने झोलहरुको प्रयोग गर्ने।

लामखुट्टेको टोकाइबाट बच्न बाहिर निस्कँदा लामखुट्टे मार्ने क्रिमहरु (ODOMOUS) को प्रयोग गर्ने।

आफ्नो कार्यालय, घर तथा वरपर सरसफाइ गर्ने, पानी जम्मा हुन नदिने।

फोहोर मैलाहरुलाई उचित तरिकाले विसर्जन गर्ने।

पानी भरिएको ट्याङ्कीहरुलाई लामखुट्टे छिर्न नदिन ढाकेर राख्ने।

लामखुट्टे प्रजनन गर्ने स्थानहरुको नष्ट गर्ने।

सेफ्टी ट्याङ्कीलाई राम्रोसँग छोपेर राख्ने, चुहिन नदिने।

समय समयमा सरुवा रोगको बारेमा जनचेतनामूलक कक्षाहरु सञ्चालन गर्ने।

रोगको लक्षण देखा परेमा नजिकैको अस्पताल वा स्वास्थ्य चौकीमा गई स्वास्थ्यकर्मीको परामर्श लिने।

**श्रोतः नेपाल एपीएफ अस्पताल बलम्बु।**

**पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्रका लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ। रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ।**

## हैजा (Cholera)

हैजा (Cholera) भिब्रियो कोलेरा (Vibrio Cholera) प्रजातिको ग्राम नेगेटिभ ब्याक्टेरियाबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखाला हो। यो रोग मानिसमा लागेमा छिट्टै कडा खालको जलवियोजन भई मृत्युसमेत हुन सक्ने जोखिम हुन्छ। यो रोगको जीवाणु संक्रमित व्यक्तिको दिसाको माध्यमबाट बाहिरी वातावरणमा पुग्दछ र दुषित खाना वा पानीको माध्यम Feco (oral route) बाट स्वस्थ व्यक्तिमा सर्दछ।

### कारक तत्व

हैजा (Cholera) भिब्रियो कोलेरी (Vibrio Cholera) प्रजातिको जीवाणुबाट मानिसमा सर्दछ। यसका धेरै सेरो ग्रुपहरु हुन्छन्। सेरो ग्रुपमध्ये दुईवटा ०१ र ०१३९ को संक्रमणले महामारीको रुप लिन सक्छ। नेपालमा बेलाबेलामा प्रकोपको रुपमा फैलने हैजाको मुख्य कारण भिब्रियो कोलेरी-०१ रहेको छ। जीवाणुबाट संक्रमित खाना वा पानीको प्रयोगले यो रोग लाग्ने भएकोले सरसफाइको कमी, सुरक्षित खाने पानी नभएको क्षेत्रमा बढी फैलिएको पाइन्छ।

### लक्षणहरु

हैजा संक्रमण भएको १ दिन भन्दा कमदेखि ५ दिनसम्ममा यसका लक्षणहरु देखा पर्न सक्दछ। संक्रमितमध्ये करिब १ देखि २५ प्रतिशतमा मात्र लक्षण देखा पर्छ र तीमध्ये ८० प्रतिशतमा सामान्य खालका लक्षणहरु देखा पर्दछन् भने करिब २० प्रतिशतमा कडा खालका लक्षणहरु देखा पर्दछन्। समयमै उपचार नभएमा यस्ता व्यक्तिहरुको केही घण्टामै मृत्युसमेत हुन सक्दछ।

### मुख्य लक्षण तथा चिन्हहरु

पातलो, चौलानी पानी जस्तो दिसा (Rice Water Stools)

वाकवाकी लाग्ने र बान्ता हुने

कडा जलवियोजन हुने

### कडा जलवियोजन भएको लक्षणहरु पहिचान गर्ने तरिका

आँखा गडिनु

मुख, जिब्रो र घाँटी सुख्खा हुनु

तिर्खा लाग्नु, थकाइ लाग्नु

छाला सुख्खा हुनु

पिसावको रंग पहेँलो हुनु र पिसावको मात्रा कम हुनु

चिडचिडापन हुनु (Irritability)

रक्तचाप कम हुनु

मुटुको धड्कन अनियन्त्रित हुनु

### प्राथमिक उपचार (Diagnosis of Cholera)

प्रशस्त जीवनजल पानी दिने

झोलिलो कुराहरु प्रशस्त खाने

माथि उल्लेखित लक्षणहरु देखा परेमा वा रोगको शंका लागेमा तुरुन्त स्वास्थ्यकर्मीको परामर्श लिनुपर्दछ।

### हैजाबाट बच्ने उपायहरु

सधैँ पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिउने।

व्यक्तिगत सरसफाइ (विशेषगरी हातको सरसफाइ) मा ध्यान दिने।

बासी, सडेका, गलेका खानेकुराहरु नखाने।

काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाइलाई विशेष ध्यान दिने।

**नोटः-** नेपाल एपीएफ अस्पतालमा हैजा (Cholera) परीक्षणको लागि इपिडेमियिलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) बाट RDT test kit प्राप्त भएकोले रोगको शंका लागेमा चिकित्सकको परामर्श लिएर यस अस्पतालको प्रयोगशालामा तुरुन्त दिसा परीक्षण गराउन अनुरोध गरिन्छ।

**श्रोतः नेपाल एपीएफ अस्पताल बलम्बु।**

## हार्दिक श्रद्धाञ्जलि



जन्म
२०६०।०९।१८

स्वर्गारोहण
२०८१।०४।०९

**प्रशिक्षार्थी सशस्त्र प्रहरी जवान स्व. कविराज बुढा**

नं. ३९ रिजर्भ गण महोत्तरी दरबन्दी भई सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौवस्ता बाँकेमा जवान आधारभूत तालिममा तालिमरत प्रशिक्षार्थी सशस्त्र प्रहरी जवान कविराज बुढाको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

**सशस्त्र प्रहरी बल, नेपाल**

# लेख/रचना

## प्रहरी म र आन्दोलनकारी



**पुजा पौडेल**
काठमाडौं

तपाईले हानेको ढुंगाको टुक्राले
मेरो गर्धनमा लाग्दा तपाईं कति खुसी हुनुभयो
आफ्नो जीत भएको आभाष भो ।
तपाईंले हानेका ढुंगा नलागोस् भनेर म कुक्रुक्क परेर
प्लाष्टिकको सिल्डमा छेकिँदा तपाईं झनै हौंसिदै अर्को इट्टाको टुक्रा प्रहार गर्नुहुन्छ ।
तपाईं स्वतन्त्र हुनुहुन्छ स्वतस्फुर्त हुनुहुन्छ
तर मलाई तपाईंसँग प्रतिकार गर्न पनि
आदेश चाहिन्छ
माथिको आदेश चाहिन्छ ।

म चुपचाप तपाईंले प्रहार गरेका ढुंगाका वर्षात्हरु
सहिदिन्छु किनकी
मैले तपाईंलाई एक लाठी हान्दा मानव अधिकार
उल्लंघन हुन्छ, शक्तिको दुरुपयोग हुन्छ ।
कयौं क्यामेराका लेन्सहरु मेरो अगाडि तेर्सिन्छन् ।

हातमा लाठी र सिल्ड लिएर तपाईंले हानेका ढुंगाका टुक्रा छेकिरहँदा,
तपाईंले सोच्नु भएन कि, म बिहानदेखि भोको तपाईंका प्रहारहरु सहिरहेछु
तपाईंका सुन्नै नसकिने गालीहरु सहिरहेछु
चुपचाप, चुपचाप ।

तपाईंको विषय अरुसँग हुन्छ
तपाईंको रिस अरुसँग हुन्छ
तर त्यो रिस मलाई पोख्नुहुन्छ
थाहा छ तपाई कुरा बुझ्नुहुन्न
तर बुझेर पनि बुझ पचाउनुहुन्छ ।

के तपाईंलाई थाहा छैन र
मेरो पनि त परिवार छ
घरमा बुढाबुढी रोगी आमाबुबा हुनुहुन्छ
सानासाना लालाबाला छन्
जिम्मेवारी बोकेकी जहान छिन् ।

यी सबैलाई छाडेर तपाईंको रक्षामा खटिएको म
पोहोर भूकम्पले मेरो पूरै घर भत्कियो
म घर जान पाइन किनकि,
मलाई तपाईंको घरमा पुरिएको सामान निकाल्नु थियो ।

पोहोर बाढी आयो, मेरो पूरै घर तहसनहस भयो
त्यही पनि म घर जान पाइनँ किनकि
मैले तपाईंको घरमा पसेको बाढीबाट
तपाईंको परिवार बचाउनु थियो ।

हरेक साल दशैं तिहार आउँछ
तपाईं हाँसी खुसी परिवारसँग चाडबाड मनाउनुहुन्छ
मैले त्यो चाडबाड मनाउन पाइनँ किनकि
त्यो बेला झन् चनाखो भइ तपाईंहरुलाई
केही होला कि भनी चोकचोक कुद्नुपर्छ ।

के रिस तपाईंलाई मात्र उठ्छ
के हृदय तपाईंको मात्र छ
एकपटक सोच्नु होस् त
म पनि तपाईं जतिकै उत्तेजित भएँ भने के होला ।

म पनि तपाईं जतिकै अबुझ भए के होला
तपाईंसँग भएका ढुंगाका टुक्राहरु मलाई बर्षाउँदा मसँग भएको राइफलको ट्रेगर दबाए के होला ?

**(२३औं सशस्त्र प्रहरी दिवस २०८० को अवसरमा आयोजित राष्ट्रव्यापी खुल्ला कविता प्रतियोगितामा दशौं)**

## समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पत्राउ, बरामद, उद्धार तथा अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

**इमेल** : infosec.secretariat@gmail.com,
**फोन** : ०१-५२४९००६

## देशभक्ति



सशस्त्र प्रहरी सहायक हवल्दार
**सुजन पौडेल**

पौरखशील कर्मठ हात देश प्रेममा लम्काउनु छ ।
सत्कर्म र लगनशीलताले आफ्नो भाग्य चम्काउनु छ ॥

बाढी, पहिरो, विपद्को समयमा नेपाल आमा रोएको पल ।
सुशासनलाई मलजल गरी दुःख दर्दलाई उम्काउनु छ ॥

तनमन दत्तचित्त एकै ढिक्का लगाएर
परी आउँदा भोको पेटमा एकै छाकमा खाउँला बरु ॥

देशभक्ति पौरखी हात एपीएफमै तन्काउनु छ ।
सुशासनलाई मलजल गरी दुःख दर्दलाई उम्काउनु छ ।

जननीप्रति प्रेमभाव आत्मासाथ जगाएर
भावी पीडित सन्ततिलाई विकासको पथमा लम्काउनु छ ।

सुशासनलाई मलजल गरी दुःख दर्दलाई उम्काउनु छ ।
पौरखशील कर्मठ हात देशप्रेममा लम्काउनु छ ।

## कर्तव्यनिष्ठ सिपाही



सशस्त्र प्रहरी सहायक हवल्दार
**विष्णुराम भण्डारी**

धैर्य धारण उपयोगी सत्कार गर्छौं राम्रो
रीतिरिवाज धर्म नै कर्म सुरक्षा हो हाम्रो ।
बोलीवचन सभ्य व्यबहार उत्कृष्ट शान
क्रियाकलाप योग्य गर्दै सदैव अनुशासन ॥

परिश्रम गर्छौं रगत पसिना बगाउनु छ
संगठन प्रति नै गहिरो मायाँ लगाउनु छ ।
यो देशको सिपाही हामी हौं कर्णधार
आदेशको पालना पूरा हुन्छ जिम्मेवार ॥

छाया भित्र जहाँ माया देखे थाहा हुन्छ
भेदभाव रहँदैन मित्रता कायम हुन्छ ।
चम्किलो त्यो तारा हेर्दै निस्वार्थ सेवा छ
विषम परिस्थितिमा सदैव सुरक्षा दिनेछ ॥

संघर्ष गर्नु छ जीवन भर स्वतन्त्रता बन्न
ऋण, राष्ट्र अनि मित्रलाई कहिले भुल्नु हुन्न ।
सच्चा निष्ठा प्यारो प्रेम हृदय हुन्छ पक्का
कर्म गर्छ विश्वाशिलो दिन्न कहिले धोका ॥

माया मोह संसारमा एउटै रहेछ बाटो
गर्छु योगदान आफ्नै देशमा खोर्सीन्छु माटो ।
दियो बाल्नु हृदयमा सन्देश प्राप्त गर्नुछ
बुझेर महत्व राष्ट्रको हामी अगाडि बढ्नु छ ॥

## देशको सेवा



सशस्त्र प्रहरी जवान
**संगिता भारती**

फौजी जागिर रोजें मैले देशको सेवा गर्न
ज्यानै दिनु परे पनि तयार छु म मर्न ।
परिस्थिति जस्तो आओस जाने छैन भागी
जीवन बली चढाउँछु आफ्नो देशको लागि ।

टन्टलापुर घाम होस् या बर्खायामको झरी
भाग्ने छैन कदापि म बस्छु डिउटी गरी ।
देशको सीमा रक्षा गर्ने यहि मेरो धर्म
संगठनको नाम राख्छु गर्छु असल कर्म ।

लोभ लालच छैन केहि बन्छु ईमान्दार
विपद् आउँद उद्धार गरी देशलाई लगाउँछु पार ।
गाउ, शहर, लेक, बेशी पुग्दै पखेरामा
तिम्रो ओठमा मुस्कान ल्याउने मन छ नेपाल आमा ॥

## कर्मयोगी सिपाही



सशस्त्र प्रहरी नायव निरीक्षक
**ईश्वर आचार्य**

म सशस्त्र प्रहरी बल नेपालको कर्मयोगी सिपाही
म सशस्त्र संघर्ष, विद्रोह अनि पृथकतावादी गतिविधिमा लड्न तयार रहेको छु
चाँदी झैं चम्किएका हिमालको फेदमा मुस्कुराई रहेछु
पहाडका जंगल अनि खोल्साहरुमा छुपिरहेछु, त कतै तराईका फाँटहरुमा लुकिरहेछु,
म राष्ट्र अनि राष्ट्रियताको सुरक्षामा चौबिसै घण्टा तैनाथ छु ॥

म सशस्त्र प्रहरी बल नेपालको कर्मयोगी सिपाही
म दंगामा उत्रिएका आक्रोशहरुबीच नियन्त्रण अनि व्यवस्थापनको कला देखाइरहेछु,
प्रकोपमा काँपेका मनहरु सम्हाली रहेछु,
विपत्तिमा हराएकाहरुको खोज त कतै गुमाउनेहरुको आँसु पुछिरहेछु,
म दिन/रात झरी/वर्षा, अँध्यारो अनि उजेलीहरुमा जनताको सुरक्षामा डटिरहेछु ॥

म सशस्त्र प्रहरी बल नेपालको कर्मयोगी सिपाही
मेरा हल्कारहरुले बन्धकमा परेकाहरुलाई छुटाएको छ,
विशिष्ट व्यक्ति सुरक्षा अनि महत्वपूर्ण प्रतिष्ठानहरुमा सुरक्षा दिएको छ,
सिमानामा पर्खाल बनेको छ त कतै झरेका मेरा पसिनाहरुले पनि मातृभूमि सिञ्चित गरेको छ,
म चन्द्र सूर्य अंकित झण्डा मुनि उभिँदा समग्र राष्ट्रको ओठमा मुस्कान छाएको छ ॥

म सशस्त्र प्रहरी बल नेपालको कर्मयोगी सिपाही
मेरो गाथा मातृभूमि मात्र नभई संयुक्त राष्ट्रसंघमा पनि घन्किएको छ,
सुरक्षा अनि शान्ति स्थापनार्थ संसारभरी फैलिएको छ,
उपस्थिति मात्रमा पनि वाहवाही पाएको छ त
कतै मेरा कर्मले समग्र राष्ट्रलाई गौरवान्वित बनाएको छ
मेरो फौज अनि फौजी संगठनमा त्यसैले त सबै माझ विश्वास बढेको छ ॥

म सशस्त्र प्रहरी बल नेपालको कर्मयोगी सिपाही
म जाग्दा आम जनता निदाउन पाएका छन्,
हिजो आज अनि भोलि पनि नेपाल आमाको मन मुस्कुराएको छ,
म रहँदा राष्ट्र सेवामा शान्ति सुरक्षा अनि प्रतिबद्धता भएको छ ॥

## गजल



सशस्त्र प्रहरी बरिष्ठ हवल्दार
**ठाकुर खड्का**

मातृभूमि रक्षार्थ उठौं सशस्त्र ।
वीर गोरखालीका नाम सधैं जगाउन उठौं सशस्त्र ॥

वीर गोरखालीका सन्तान हौं नि हामी,
बलिदान मागे देशले रगत बगाउन उठौं सशस्त्र ॥

देखाउँदै वीरता सीमाका बैरी हटाउन उठौं सशस्त्र ।
वीर गोरखाली हौं हामी उच्च रहोस् शिर हाम्रो

विश्व सामु नेपालीको शिर उठाउन उठौं सशस्त्र ।

## राष्ट्रप्रतिको माया



सशस्त्र प्रहरी जवान
**चेतराज उपाध्याय**

राष्ट्रको निम्ति बलिदान दिने यो देशका सिपाही ।
संगठनप्रति आबद्ध भई कर्म गर्ने सिपाही ॥

बन्दुक र बारुदसँग अहोरात्र खटिने हामी ।
सगरमाथा आरोहण गर्ने एपीएफको सिपाही ॥

काँधमा बन्दुक राखी हिड्ने म वीर हुँ ।
कहिले पछि नहट्ने यो देशको सेवक हुँ ॥

चार जात छत्तिस वर्णको फूलबारीमा ।
पूर्व पश्चिम सिमानामा रक्षा गर्ने देशको रक्षक हुँ ॥

सन्तान हौं यो देशका शक्ति हौं वीरका ।
कहिले पछि नहट्ने सन्तान हौं देशका ॥

यो देशको वीर हुँ भनी गर्व गर्छु म पनि ।
राष्ट्रको हितको लागि रक्षा गर्ने सपुत हुँ देशका ॥

शान्ति सुरक्षा प्रतिबद्धताको मुल मन्त्र जपेर ।
एपीएफ संगठनमा आबद्ध भयौं चुस्ता बुट कसेर ॥

दिनरात नभनी डिउटीमा खटिन्छन् एपीएफ ।
सीमा नाकाको रक्षा गर्छौं चिसोमा खटिएर ॥

## म यो देशको सिपाँही हुँ ।



सशस्त्र प्रहरी सहायक हवल्दार
**दुर्गाबहादुर तामाङ**

न त मेरो जात छ, न त मेरो अन्य पहिचान,
केवल पहिचान छ मेरो, म यो देशको सिपाँही हुँ ।
न त मेरो धर्म छ, न त मेरो कर्म,
दुवैलाई समेटी राख्ने, म यो देशको सिपाँही हुँ ॥

न त म मा जलन छ, न त ईर्ष्या गर्ने चलन,
मात्र कमाण्डरको आदेश पालना गर्ने, म यो देशको सिपाँही हुँ ।
न त मलाई डर छ, न त कसैको कर,
देशको सीमा रक्षा गर्ने, म यो देशको सिपाँही हुँ ॥

न त मलाई भोकको चिन्ता छ, न त मलाई निन्द्राको,
चिन्ता छ देश र जनताको, त्यसैले म यो देशको सिपाँही हुँ ।
थकान छैन म मा, मात्र मनमा जागेको छ देशभक्ति,
निस्वार्थ देशको ढाल बन्छु, त्यसैले म यो देशको सिपाँही हुँ ॥

न त छेक्छ मलाई आँधी हुरी बतास अनि बिपद्ले,
यसैलाई ब्यवस्थापनको जिम्मा लिने, म यो देशको सिपाँही हुँ ।
न त म मा लोभ छ, न त कुनै लालच,
हटी हैन डटी लड्ने, म यो देशको सिपाँही हुँ ॥

## साहसी जवान



सशस्त्र प्रहरी जवान
**दिनेशबहादुर कार्की**

दिन्छु म सलामी सँधै मेरो देशको झण्डा हो सान ।
राष्ट्रसेवामा समर्पित छु म साहसी जवान ॥

ज्यानको बलि चढाएर रचेकाथे इतिहास जसले ।
नेपाल आमाका सपुतको भुल्दिनम् बलिदान ॥

सौभाग्य मलाई मिलेको छ मातृभूमि रक्षा गर्ने ।
सक्दैन कसैले रोक्न न आगोपानी न त आँधी तुफान ॥
हाँसी हाँसी छातीमा गोली खानसक्ने फौजी हुँ म ।

■ प्रकाशकः सशस्त्र प्रहरी बल, नेपाल ■ प्रकाशन समितिः सप्रउ मेखराज जोशी (संयोजक), सदस्यहरुः प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ, सप्रनि दिपेन्द्र खरेल
कम्प्यूटर लेआउटः सप्रबह मनोज कुँवर, कम्प्यूटर अपरेटरः सप्रसह मिनबहादुर हौजाली मगर, सप्रज सिताराम अधिकारी, तस्वीरः छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई